# प्रदेश लोक सेवा आयोग
# मधेश प्रदेश, जनकपुरधाम, नेपाल
## (दरखास्त व्यवस्थापन र सूचना प्रकाशन शाखा)

## स्थानीय सेवा अन्तर्गत अप्राविधिक तथा प्राविधिक तर्फका अधिकृतस्तर सातौं तहका पदहरुको जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ७२/२०८२-०८३, मिति २०८२/०९/०१ गते मंगलबार**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कन तथा कार्यक्षमताको मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने स्थानीय सेवाका अधिकृतस्तर सातौं तहका देहायका प्राविधिक तथा अप्राविधिक पदहरूका लागि स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० तथा देहाय बमोजिमका शर्तहरू पूरा गरेका बढुवाका सम्भाव्य उम्मेदवारहरूले प्रदेश लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लिखित विवरण खुलाई दरखास्त दिनुहुन सूचना गरिन्छ।

१. **<u>जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः</u>** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३० र दफा ३९ बमोजिमको योग्यता भएको तथा दफा ३२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

२. **<u>कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरू तर्फः</u>** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३५,३६, ३७ र ३८ अनुसारको कार्यसम्पादनको मूल्याङ्कन, जेष्ठता, भौगोलिक क्षेत्रमा काम गरेको अनुभव, शैक्षिक योग्यता र तालिमको मूल्याङ्कन स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३४ बमोजिम हुनेछ । साथै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।

३. दरखास्त फाराम भर्दा राष्ट्रिय किताबखाना (निजामती) वा प्रदेश निजामती कितावखानाबाट आफूले पाएको संकेत नम्बर (सिट रोल नं.) उल्लेख गर्नु पर्नेछ।

४. समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

५. दरखास्त फारामको सम्पूर्ण महलहरूमा उल्लेख भए बमोजिमका सम्पूर्ण विवरणहरू स्पष्ट खुलाउनु पर्नेछ।

६. दरखास्त फाराम भर्दा मूल्यांकनको लागि गणना हुने पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यांकन पेश गरेको कार्यालयको नाम, हालको श्रेणीमा अध्ययन विदा र तालिम लिएको भए सो अवधि तथा गयल कट्टि भएको भए सो समेतको विवरणका साथै बढुवा दरखास्त फारम साथ संलग्न गर्नुपर्ने कागजातहरुको रुजु सूची (Check List) समेत छुट्टै पानामा खुलाई पेश गर्नुपर्नेछ।

७. दरखास्त दस्तुर रु. १०००।- (रु. एक हजार मात्र) बुझाउनु पर्नेछ।

८. **दरखास्त दस्तुर बुझाउने स्थानः-** प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधामको कार्यालय कोडः २१००११७०१२ तथा राजश्व शीर्षक नं.: १४२२४ (परीक्षा शुल्क) राखी राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, खाता नं.: १०००१००२०००१०००० वा नेपाल बैंक लिमिटेड, खाता नं.: २७१०२०००००१००१००००००१ मध्ये आफुलाई पायक पर्ने कुनै एक बैंकमा उम्मेदवारले आफ्नो नामबाट दरखास्त दस्तुर बुझाएको सक्कल बैंक भौचर प्रति संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ।

९. **दरखास्त दिने अन्तिम मितिः** २०८२/९/२१ र दोब्बर दस्तुर तिरी २०८२/०९/२८ गते सम्म

१०. दरखास्त फाराम प्रदेश लोक सेवा आयोगको वेवसाइट ppsc.madhesh.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एक प्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाममा दरखास्त बुझाई सक्नुपर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

### <u>जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु</u>

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| (अ) अप्राविधिकतर्फ अधिकृत सातौं तह | | | |
| १ | ५२०/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ६ (छ) |
| २ | ५२१/२०८२-८३ | स्थानीय प्रशासन, लेखा | ५ (पाँच) |
| (आ) प्राविधिकतर्फ अधिकृत सातौं तह | | | |
| १ | ५२२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | ७ (सात) |
| २ | ५२३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, बि.एण्ड आर. | १ (एक) |
| ३ | ५२४/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | ५ (पाँच) |
| ४ | ५२५/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | १ (एक) |

**कार्यक्षमताको मूल्याङ्कनद्वारा पदपूर्ति हुने पदहरु**

| क्र.सं. | बढुवा सूचना नं. | सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| (अ) अप्राविधिकतर्फ अधिकृत सातौं तह | | | |
| १ | ५२६/२०८२-८३ | स्थानीय प्रशासन, सामान्य प्रशासन | ७ (सात) |
| २ | ५२७/२०८२-८३ | स्थानीय प्रशासन, लेखा | ६ (छ) |
| ३ | ५२८/२०८२-८३ | स्थानीय प्रशासन, लेखा (आ.ले.प. अधिकृत पद) | १ (एक) |
| (आ) प्राविधिकतर्फ अधिकृत सातौं तह | | | |
| १ | ५२९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | ७ (सात) |
| २ | ५३०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, बि.एण्ड आर. | १ (एक) |
| ३ | ५३१/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | ५ (पाँच) |
| ४ | ५३२/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | २ (दुई) |

## स्थानीय सेवा अन्तर्गत विभिन्न सेवा समूहका अप्राविधिक तथा प्राविधिक तर्फ अधिकृतस्तर सातौं तहका पदहरुको खुला तथा समावेशी र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**सूचना नं. ७३/२०८२-०८३, मिति २०८२/०९/०१ गते मंगलबार**

स्थानीय सेवा तर्फका निम्न सेवा, समूह, उपसमूह तथा तहका पदहरूमा (खुला तथा समावेशी र अन्तर तह) प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आव्हान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले आयोगको अनलाइन दरखास्त प्रणाली ppsconline.p2.gov.np मार्फत आवेदन दिनु पर्नेछ।

**अधिकृत सातौं तह (अप्राविधिक/प्राविधिक)**

| क्र.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला तथा समावेशी र अन्तर तह | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| (अ) अप्राविधिकतर्फ अधिकृत सातौं | | | | | | |
| १ | ५३३/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | खुला | | १३ | १३ (तेह्र) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | ११ | ११ (एघार) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आ.ले.प.अधिकृत पद) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२५** | **२५ (पच्चीस)** |
| २ | ५३४/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मधेशी महिला | | ४ | ४ (चार) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | ३ | ३ (तीन) |
| | | (ग) स्थानीय प्रशासन, लेखा (आ.ले.प.अधिकृत पद) | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **८** | **८ (आठ)** |
| ३ | ५३५/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मधेशी | | ३ | ३ (तीन) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | ३ | ३ (तीन) |
| | | **जम्मा** | | | **६** | **६ (छ)** |
| ४ | ५३६/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | दलित महिला | | १ | १ (एक) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ५ | ५३७/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | दलित | | १ | १ (एक) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ६ | ५३८/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मुस्लिम महिला | | १ | १ (एक) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ७ | ५३९/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | मुस्लिम | | १ | १ (एक) |
| ८ | ५४०/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | आ.ज. महिला | | १ | १ (एक) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |
| ९ | ५४१/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | थारु महिला | | १ | १ (एक) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | १ | १ (एक) |
| | | **जम्मा** | | | **२** | **२ (दुई)** |

| क.सं. | विज्ञापन नम्बर | सेवा, समूह, उपसमूह | खुला तथा समावेशी र अन्तर तह | पुनः विज्ञापन | माग पद संख्या | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|
| १० | ५४२/२०८२-८३ | (क) स्थानीय प्रशासन, सामान्य प्रशासन | अन्तर तह | | ४ | ४ (चार) |
| | | (ख) स्थानीय प्रशासन, लेखा | | | ४ | ४ (चार) |
| | | **जम्मा** | | | ८ | ८ (आठ) |
| (आ) प्राविधिकतर्फ | | | | | | |
| १ | ५४३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | खुला | | १४ | १४ (चौध) |
| २ | ५४४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मधेशी महिला | | ४ | ४ (चार) |
| ३ | ५४५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मधेशी | | ४ | ४ (चार) |
| ४ | ५४६/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | दलित महिला | | १ | १ (एक) |
| ५ | ५४७/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | दलित | | १ | १ (एक) |
| ६ | ५४८/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मुस्लिम महिला | | १ | १ (एक) |
| ७ | ५४९/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | मुस्लिम | | १ | १ (एक) |
| ८ | ५५०/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | आ.ज. महिला | | १ | १ (एक) |
| ९ | ५५१/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | थारु महिला | | १ | १ (एक) |
| १० | ५५२/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल | अन्तर तह | | ५ | ५ (पाँच) |
| ११ | ५५३/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | खुला | | १ | १ (एक) |
| १२ | ५५४/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, बि. एण्ड आर. | खुला | | १ | १ (एक) |
| १३ | ५५५/२०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, बि. एण्ड आर. | मधेशी महिला | | १ | १ (एक) |
| १४ | ५५६/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | खुला | | ११ | ११(एघार) |
| १५ | ५५७/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मधेशी महिला | | ३ | ३ (तीन) |
| १६ | ५५८/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मधेशी | | २ | २ (दुई) |
| १७ | ५५९/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | दलित महिला | | १ | १ (एक) |
| १८ | ५६०/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | दलित | | १ | १ (एक) |
| १९ | ५६१/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | मुस्लिम महिला | | १ | १ (एक) |
| २० | ५६२/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | आ.ज. महिला | | १ | १ (एक) |
| २१ | ५६३/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | थारु महिला | | १ | १ (एक) |
| २२ | ५६४/२०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | अन्तर तह | | ३ | ३ (तीन) |
| २३ | ५६५/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | खुला | | ३ | ३ (तीन) |
| २४ | ५६६/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | मधेशी महिला | | १ | १ (एक) |
| २५ | ५६७/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | मधेशी | | १ | १ (एक) |
| २६ | ५६८/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | दलित महिला | | १ | १ (एक) |
| २७ | ५६९/२०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | अन्तर तह | | १ | १ (एक) |

**परीक्षाको किसिमः-** पाठ्यक्रम बमोजिम लिखित, कम्प्यूटर सीप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ता।

**लिखित परीक्षा मिति :-**

| क.सं. | विज्ञापन नं. | सेवा, समूह, उप-समूह | परीक्षा मिति | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय | चतुर्थ |
| १ | ५३३-५४२। २०८२-८३ | प्रशासन, सामान्य प्रशासन, लेखा/आ.ले.प. | २०८२/१२/०७ | प्रथम चरणको नतिजा प्रकाशनको बखत गरिनेछ। | | |
| २ | ५४३-५५३। २०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, स्यानिटरी | २०८२/१२/०३ | २०८२/१२/०४ | | |
| ३ | ५५४-५५५। २०८२-८३ | स्थानीय इन्जिनियरिङ्ग, सिभिल, बि. एण्ड आर. | २०८२/१२/०९ | २०८२/१२/१० | | |

| क्र.सं. | विज्ञापन नं. | सेवा, समूह, उप-समूह | परीक्षा मिति | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम पत्र | द्वितीय पत्र | तृतीय | चतुर्थ |
| ४ | ५५६-५६४। २०८२-८३ | स्थानीय शिक्षा, शिक्षा प्रशासन | २०८२/१२/१४ | प्रथम पत्रको नतिजा प्रकाशनको बखत गरिनेछ। | | |
| ५ | ५६५-५६९। २०८२-८३ | स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सन | २०८२/१२/११ | २०८२/१२/१२ | | |

**परीक्षा केन्द्रः-** पछि प्रकाशन गरिनेछ।

**दरखास्त दस्तुरः** अधिकृत सातौं तहको लागि रु.१,०००/- (एक हजार) बुझाउनु पर्नेछ र त्यस पछिका थप प्रत्येक किसिम/समूह (खुला, समावेशी र अन्तर तह) का लागि रु.४००/-(चार सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मिति :** २०८२/०९/२१ गते र दोब्बर दस्तुर तिरी २०८२/०९/२८ गते सम्म।

**दरखास्त दस्तुर बुझाउने स्थान र विधिः** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फाराम Submit गरेपछि My Application मा Click गरि All Application मा Click गर्ने त्यसपछि आफूले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड चयन गर्ने र Online/Offline Payment मध्ये कुनै एक Option छनौट गरी भुक्तानी गर्न सकिन्छ।

**Online Payment बाट दस्तुर भुक्तानी गर्नः** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Online Payment Select गरि Next मा Click गर्ने त्यसपछि Connect IPS गरी रकम भुक्तानी गर्न सकिनेछ। Online Payment गर्ने उमेदवारहरुले तोकिएका वालेटहरु मध्ये कुनै एक प्रयोग गरी तत्कालै भुक्तानी गर्न सकिनेछ ।

**Offline बाट दस्तुर भुक्तानी गर्नः** राष्ट्रिय बाणिज्य बैंक वा नेपाल बैंक लिमिटेड छनौट गरिसकेपछि Offline Payment चयन गरि Next मा Click गर्ने त्यसपछि Click here मा Click गरी भौचर डाउनलोड गरेर प्रिन्ट गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम भुक्तानी गर्न सकिनेछ।

**दरखास्त दस्तुर बुझाउने अविधिः** २०८२/०९/२८ गतेसम्म तोकिएको परीक्षा दस्तुर वा दोब्बर दस्तुर अनिवार्य बुझाइसक्नु पर्नेछ।

**उम्मेदवारको उमेरको हदः** २०८२/०९/२१ गतेसम्म २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको। महिला तथा अपाङ्गता भएका उम्मेदवारको हकमा ४० वर्ष ननाघेको। निजामती सेवा, प्रदेश निजामती सेवा र स्थानीय सेवाको स्थायी कर्मचारीहरूको हकमा उमेरको हद लाग्ने छैन।

स्थानीय तहको स्वीकृत स्थायी दरबन्दी मध्ये पदपूर्ति गर्नुपर्ने रिक्त दरबन्दीमा "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" प्रारम्भ हुँदाका बखतसम्म अस्थायी सेवामा कम्तिमा दश वर्ष अविछिन्न रुपमा कार्यरत रहेका र न्यूनतम शैक्षिक योग्यता हासिल गरेका कर्मचारीलाई "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ प्रारम्भ भएपछि प्रदेश लोक सेवा आयोगबाट स्वीकृत पहिलो वार्षिक कार्यतालिका बमोजिम सञ्चालन हुने खुला विज्ञापनको परीक्षामा एकपटकको लागि सामेल हुन उमेरको हदम्याद लाग्ने छैन।

**अपलोड गर्नुपर्ने कागजातहरुः** उम्मेदवारले शैक्षिक योग्यता, तालिम, अनुभव (आयोगले तोकेको फारममा), व्यवसाय अनुमति प्रमाणपत्र, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ। सबै उम्मेदवारले आफ्नो फोटो, दस्तखत र नागरिकताको प्रमाणपत्र स्क्यान गरी JPG Format मा अपलोड गर्नु पर्नेछ। दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ। अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जिम्मेवार र जवाफदेही हुनुपर्नेछ ।**

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मिति र स्थानः** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना प्रकाशन गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः** सेवा समूहको पदलाई तोकिएका कार्य।

**तलवः** तोकिए बमोजिम ।

क) **अन्तर तह प्रतियोगिता तथा सोको लागि चाहिने आवश्यक न्यूनतम योग्यताः**

स्थनीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा (५) बमोजिम सातौं तहको अन्तर तह प्रतियोगितामा प्रतिस्पर्धाका लागि पाँचौं तहबाट तह वृद्धि भई छैटौं तहमा कार्यरत र पूर्ति हुने पदका सेवा, समूह र उपसमूहका लागि तोकिएको शैक्षिक योग्यत हासिल गरेका कर्मचारी उम्मेदवार हुन सक्नेछन्। यस उपदफा प्रयोजनको लागि "प्रदेश निजामती सेवा" भन्नाले जुनसुकै प्रदेशको निजामती सेवा र "स्थानीय सेवा" भन्नाले जुनसुकै प्रदेश अन्तर्गत रहेको स्थानीय तहको सेवा सम्झनुपर्छ।

ख) **खुला तथा समावेशी प्रतियोगिताको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताः**

१. **स्थानीय प्रशासन, सामान्य प्रशासनः** मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक तह वा सो सरह उत्तीर्ण भएको।
२. **स्थानीय प्रशासन, लेखाः** मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा व्यापार प्रशासनमा स्नातक तह वा अर्थशास्त्र, गणित, तथ्याङ्कशास्त्र वा जनप्रशासनमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण भएको।
३. **स्थानीय शिक्षा, शिक्षा प्रशासन, निरीक्षणः** मान्यताप्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा स्नातक वा सो सरह उत्तीर्ण।
४. **स्थानीय इञ्जि., सिभिलः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग विषयमा वी.ई. वा सो सरह उत्तीर्ण।
५. **स्थानीय इञ्जि., सिभिल, स्यानिटरीः** मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इञ्जिनियरिङ्ग वा स्यानिटरी इन्जिनियरिङ्ग वा पब्लिक हेल्थ इञ्जिनियरिङ्ग विषयमा बी.ई. वा सो सरह उत्तीर्ण।
६. **स्थानीय इञ्जि., सिभिल, विल्डिङ्ग एण्ड आर्किटेक्टः** मान्यता प्राप्त शिक्षण संस्थाबाट आर्किटेक्चर वा सिभिल वा विल्डिङ्ग वा स्ट्रक्चरल वा टाउन प्लानिङ्ग वा स्ट्रक्चर वा क्वान्टिटी सर्भे वा अर्वन प्लानिङ्ग विषयमा वी.ई. वा सो सरह उत्तीर्ण।
७. **स्थानीय स्वास्थ्य, हेल्थ इन्सपेक्सनः** मान्यताप्राप्त शिक्षण संस्थाबाट जनस्वास्थ्य विषयमा स्नातक तहको उपाधि प्राप्त गरी सम्बन्धित व्यवसायीक परिषद्मा नाम दर्ता तथा नविकरण भएको।

<u>खुला तथा समावेशी परीक्षाको लागि सूचनाः</u>

१. स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १६ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ।
२. प्रथम चरणको खुला र समावेशी तर्फको लिखित परीक्षा एकै (सिटिङ्ग) मिति र समयमा हुनेछ ।
३. खुला तथा समावेशी तर्फको लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा प्रकाशन गर्दा वर्णानुक्रमका आधारमा एकमुष्ट रुपमा प्रकाशन गरिनेछ।
४. उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहहरुको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ।
५. खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट कम्प्यूटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ताका लागि खुला र समावेशी तथा एक भन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारलाई एक पटक मात्र कम्प्यूटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम निर्धारण हुनेछ। कम्प्यूटर सिप परीक्षण, सामुहिक परीक्षण र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ।
६. सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको सेवा/समूह/उपसमूहको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ।

## समावेशी समूहतर्फ दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशनः

समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवारहरूको हकमा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को "**दफा १०**" बमोजिम हुनेछ। लिखित परीक्षको नतिजाबाट अन्तर्वार्ताको लागि छनोट भएपछि अन्तर्वार्ता दिन आँउदा त्यस्ता कागजातहरूको सक्कल सहित नक्कल समेत साथमा लिई आउनु पर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

**द्रष्टव्यः**

क. अनुभवको अवधि आवश्यक पर्ने विज्ञापनको हकमा सम्बन्धित पदको लागि तोकिएको दरखास्त दिन पाउने सिङ्गल दस्तुरको अन्तिम मितिसम्ममा न्यूनतम अवधि पूरा भएको हुनु पर्नेछ।
ख. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन।
ग. समान तहको पदमा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ बमोजिम उम्मेदवार हुन पाउने व्यवस्था नभएकोले त्यस्तो उम्मेदवारको दरखास्त जुनसुकै बेला रद्द हुनेछ।
घ. आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।
ङ. सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा १० (दश) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राखु पर्नेछ। अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन।
च. दरखास्त दिने अन्तिम मिति (२०८२/०९/२१) गते भित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरूले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ। तर

नेपालका विश्वविद्यालयहरूबाट निर्धारित शैक्षिक योग्यता पूरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरूले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनसम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसकेका उम्मेदवारहरूको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिनभित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भइसकेको रहेछ र सो पुष्ट्याइ हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अवधिभित्र उक्त उपाधिको सबै परीक्षाहरू उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेस्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्क पत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पूरा भएको मानिनेछ।

छ. उम्मेदवारले अनलाइन दरखास्त पेश गर्दा आफू उम्मेदवार हुने किसिम र सेवा समूहको क्लस्टरमा अनिवार्य रुपले संकेत गर्नुपर्नेछ।

ज. उम्मेदवारले अनलाईन मार्फत फाराम भर्दा आफ्नो मोबाइल नम्बर र इमेल ठेगाना अद्यावधिक गर्नुपर्नेछ। उम्मेदवारको फाराम स्वीकृत/अस्वीकृत सम्बन्धी विवरण सिधै मोवाइल वा इमेल मार्फत जानकारी गराइने हुँदा गलत मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गरेको कारणबाट सम्बन्धित उम्मेदवार परीक्षामा सहभागी हुन नपाएमा सो को जिम्मेवार सम्बन्धित उम्मेदवार नै हुनु पर्नेछ।

झ. विज्ञापन नम्बर, छनौट विषय र परीक्षा केन्द्र फरक विवरण छनोट भएको अवस्थामा संशोधन सुनिश्चित गर्न आयोग वाध्य हुने छैन।

ञ. परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ।

ट. दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिने छ।

ठ. यस आयोगबाट स्वीकृत सम्बन्धित प्रदेश निजामती सेवा, समूह, उपसमूह, तह र पदको पाठ्यक्रम नै क्रमश स्थानीय सेवा, समूह, उपसमूह, तह र पदको पाठ्यक्रम हुनेछ। पाठ्यक्रम आयोगको वेबसाइट https://ppsc.madhesh.gov.np/ बाट प्राप्त गर्न सकिने छ।